Telephone No: 044-520223
Mobile No: 9854033117
Email:pmamp.piu.mahottari@gmail.com
Website: piumahottari.pmamp.gov.np

नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
# परियोजना कार्यान्वयन इकाई
महोत्तरी, जलेश्वर

प.सं.: २०७९।०८०
च.न.: २६४

मिती: २०८०/०२/३२

श्री जिल्ला प्रशासन कार्यालय महोत्तरी, जलेश्वर ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय महोत्तरी, जलेश्वर ।
श्री कृषि ज्ञान केन्द्र महोत्तरी, जलेश्वर ।
श्री भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र महोत्तरी, जलेश्वर ।
श्री स्थानीय तहहरु
औरही , रामगोपालपुर, भँगहा, गौशाला, सम्सी, बर्दिवास, सोनमा, लोहारपट्टी ।

**विषयः सूचना टाँस गरि दिने बारे ।**

उपरोक्त सम्वन्धमा यसै पत्रसाथ संलग्न सूचना तहाँ कार्यालयमा टाँस गरि सो को जानकारी यस कार्यालयमा पठाई सहयोग गरिदिन हुन अनुरोध छ ।

(ललन कुमार सिंह)
बरिष्ठ कृषि अधिकृत
ललन कुमार सिंह
वरिष्ठ कृषि अधिकृत

फोन नं. ०४४ ५२०२२३
Email: pmamppiu.mahottari@gmail.com

नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
**परियोजना कार्यान्वयन एकाइ, महोत्तरी**

सूचना नं......

**पुनः प्रस्ताव आह्वान सम्बन्धी सूचना**
प्रथम पटक प्रकाशित मिती:२०७९/०४/२५ गते, बुधवार
दोश्रो पटक पुनः प्रकाशित मिती:२०८०/०२/३२ गते, बिहिवार

उपरोक्त सम्बन्धमा चालु आ.व.२०७९/०८० का लागि यस कार्यालयको स्वीकृत कार्यक्रमको लक्ष्य अनुरुप देहायका कार्यक्रमहरु संचालन सम्बन्धमा यस कार्यालयबाट प्रथम पटक प्रकाशित सूचना बमोजिम रित पूर्वकका पूर्ण, स्पष्ट, कार्यान्वयनयोग्य र सम्बन्धित कार्यक्रमको उद्देश्य अनुरुपका पर्याप्त संख्यामा प्रस्तावहरु पेश हुन नआएको हुँदा यस अघि पेश प्रस्तावहरुलाइ यथावत कायम राखि माछा र तरकारी जोन सञ्चालनमा रहेका स्थानिय तहहरुका अन्य ईच्छुक कृषि समुह/सहकारी/जल वा वन उपभोक्ता समिती/कृषि फर्महरुबाट तपसिलका आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितीले सात दिन अर्थात् (मिती २०८०/०३/०६ गते बुधबार) भित्र यस कार्यालयमा तोकिएको ढाँचा (अनुसुची १०) अनुसार आवेदन/प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि पुनः यो सूचना प्रकाशित गरिएकोछ। यस सम्बन्धमा थप जानकारीको लागी कार्यालयमा सम्पर्क गर्न सकिनेछ। म्याद नाघि आएका, रित नपुगेका, अधुरो/अपूर्ण वा अस्पष्ट र कार्यक्रमको उद्देश्य अनुरुप नभएका प्रस्ताव उपर कुनै कारवाही गरिने छैन। साथै, कुनै आवेदक/प्रस्तावकले कार्यक्रम छनौटका लागि कुनै प्रकारले सिफारिश/भनसुन वा प्रभाव पार्ने प्रयास गरेमा सोहि कारणले निजको आवेदन/प्रस्ताव रद्द गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराइन्छ।

तपसिलः

कार्यक्रमहरु

| सि. नं. | कार्यक्रमको नाम | लक्ष्य संख्या | संचालन गर्न सकिने कृयाकलापहरु | अनुदान/ सहजिकरण | प्रस्ताव विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | चक्लाबन्दीमा आधारित खेती मार्फत् उत्पादन बृद्धिका लागि पूँजिगत सहयोग | एक | तरकारी/माछा (वा दुवै/एकिकृत) मूल्य श्रृंखला कृयाकलापहरु (सिंचाइ पूर्वाधार, यान्त्रिकरण, नर्सरी/ह्याचरी, उत्पादन सामग्री/प्रविधी तथा उत्पादनोपरान्त उपज व्यवस्थापन सम्बन्धी | परियोजना कार्यान्वयन म्यानुअल बमोजिम | प्रस्ताव गरिने कार्यक्रमको उद्देश्य, कृयाकलाप, कार्य संचालन योजना/विधी, प्रविधि, गुणस्तर/मापदण्ड, लागत अनुमान र दरभाउ आदि सहितको पूर्ण र स्पष्ट विवरण पेश गर्नु पर्नेछ। | लक्ष्य भन्दा बढी छनौटयोग्य प्रस्ताव पेश हुन आएमा स्वीकृत बजेटसीमा भित्र रहि लक्ष्य संख्या भन्दा बढी प्रस्ताव समेत छनौट गर्न सकिनेछ। |
| २ | सहभागितात्मक कृषि प्रविधि सिकाइ तथा प्रदर्शन केन्द्र | एक | अनुशरणयोग्य सरल, लागत प्रभावी र प्रभावकारी नवप्रवर्तनीय/नवीनतम उन्नत कृषि प्रविधिहरु (तरकारी, माछा वा दुवै/एकिकृत मूल्य श्रृंखला कृयाकलापहरु)को प्रदर्शन र सिकाइ तथा आधारभूत श्रोत केन्द्र स्थापना/विकास | | | |

पेश गर्नुपर्ने कागजातहरु

- रु.१०/- को टिकट सहित निवेदन
- सम्बन्धित निकायमा कृषि समुह/सहकारी/संस्था/समिती/कृषि फर्म दर्ता नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी
- कार्यक्रम संचालन हुने स्थानको जग्गाधनी पूर्जाको फोटोकपि, सक्कल प्रमाणित नक्शा र भाडाको जग्गाको हकमा कम्तीमा ५ वर्ष अवधिको सम्झौतानामा
- निवेदकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी
- कृषि समुह/सहकारी/संस्था/समितीको निर्णयको प्रतिलिपी
- अनुसूची १० को ढाँचा (माथि उल्लेखित कार्यक्रमहरुको लागि छुट्टाछुट्टै)मा भरिएको पूर्ण प्रस्ताव (आवश्यक थप विवरण छुट्टै पेश गर्न सकिनेछ)
- नगरपालिका/गाउँपालिकाको कृषि/पशु विकास शाखाको वा वडाको सिफारिस पत्र
- आधिकारिक व्यक्तिको अख्तियारनामा पत्र
- कार्यक्रम संचालन र लागत साझेदारी सम्बन्धी समुह/सहकारी/फर्मको प्रतिबद्धता पत्र
- कृषि समुह/सहकारी/संस्था/समितीको नाममा रहेको बैंक खाता चालु अवस्थामा रहेको चेकको प्रतिलिपी

............
(ललनकुमार सिंह)
वरिष्ठ कृषि अधिकृत
ललन कुमार सिंह
वरिष्ठ कृषि अधिकृत